प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# दैनिक गतिविधि

फ्याक्स: ०६१-५२०३३०
टोल फ्री नं. १०९२
फोन नं. ०६१-५२०३५०
PHEOC: ०६१-५२४०७४

शुक्रबार, १२ असार, २०७७

## कोभिड-१९ संक्रमणका पछिल्ला तथ्याङ्क

| नेपालमा | गण्डकी प्रदेशमा | | |
|---|---|---|---|
| ११७५५ संक्रमित | ९४५८ नमुना संकलन गरिएको | २ मृत्यु भएका | कुल संक्रमित पुरुष : ७२० |
| २७ मृत्यु भएका | ७९५८ संक्रमण नदेखिएको (PCR) | ११८ निको भएका | कुल संक्रमित महिला : ८६ |
| २६९८ निको भएका | ८०६ संक्रमण देखिएको (PCR) | ८०० नतिजा आउन बाँकी (PCR) | अद्यावधिक मिति : २०७७/03/१२ समय : बेलुका ७:00 बजे |



भौतिक पूर्वाधार विकास मन्त्री माननीय राम शरण बस्नेतज्यूको नेतृत्वमा रहेको एक कार्यदलले बागलुङको निसिखोला गा.पा.मा रहेका विभिन्न क्वारेन्टाइन र ढोरपाटन न.पा.मा रहेका क्वारेन्टाइनको स्थलगत भ्रमण तथा अनुगमन एवं बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रको स्थलगत अवलोकन भ्रमण गरेको छ र त्यहाँ आइसोलेसनमा रहेका कोभिड -१९ का संक्रमितसंग माननीय मन्त्रीज्यूले भिडियो मार्फत कुराकानी गर्नुभएको र एकजना नेगेटिभ नतिजा आएका व्यक्तिलाई आज आइसोलेसनबाट विदाइ गर्नुभएको छ । ढोरपाटन न.पा.मा क्वारेन्टाइन तथा आइसोलेसन व्यवस्थापन अनुगमन कार्यदलू र माननिय खिम बिक्रम शाही, माननीय दिल माया रोका, माननीय चन्द्र ब. बुढा, जिल्ला समन्वय समिती बागलुङका प्रमुख राजेन्द्र ढुंगाना, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वर चन्द्र मरहट्टा, बडिगाड, निसिखोला, ढोरपाटन र तमान खोला गरि पश्चिम बागलुङका ४ स्थानीय तहका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, सामाजिक विकास मन्त्रालयका महशाखा प्रमुख डा. राम ब. के.सी, बुर्तिबाङ प्रा. स्वा. के. का प्रमुख डा. मिलन मल्ल, जिल्ला प्रशासन कार्यालय बागलुङका प्रशासकिय अधिकृत केशव लामिछने, इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रहरी निरीक्षक प्रकाश सिंह भन्डारी, वडाध्यक्ष लगायत सरोकारवालाहरू संगको संयुक्त बैठक सम्पन्न भएको छ । सो बैठकमा क्वारेन्टाइन र आइसोलेसनको समग्र व्यवस्थापनका विषयमा छलफल भएको छ ।




राष्ट्रिय अपांग महासंघ-नेपाल, गण्डकी प्रदेश र आइएनएफ हरियोखर्क अस्पतालको अगुवाईमा अपांगता भएका व्यक्ति र यस क्षेत्रमा क्रियाशिल प्राविधिक, विश्वस्वास्थ्य संगठन तथा पोखराका विभिन्न अस्पतालका प्रतिनिधिको सहभागितामा अपांगता समावेशी सब क्लष्टर (उपसमिति) गठन भएको छ । यस उपसमितिले कोभिड सँग सम्बन्धित प्रदेश स्तरीय गतिविधिहरुलाई अपांगता समावेशी बनाउन आवश्यक पहल कदमी गर्दै विभिन्न सरकारी -गैरसरकारी निकायहरुसँग समन्वय गर्ने छ ।

## गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमितका जिल्ला स्तरीय विवरण


कुल संक्रमित : ८०६
संक्रमित पुरुष : ७२०
संक्रमित महिला : ८६

आइसोलेसनमा : ६८६
निको भएका : ११८
मृत्यु भएको : २




Updated
2077-03-12
7:00 pm

## गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमणको संक्षिप्त विवरण




| | मुस्ताङ | मनाङ | लमजुङ | म्याग्दी | कास्की | पर्वत | गोरखा | तनहुँ | स्याङ्जा | बाग्लुङ | नवलपरासी पूर्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संक्रमित महिला | 0 | 0 | 2 | 3 | 10 | 10 | 13 | 5 | 13 | 10 | 20 |
| संक्रमित पुरुष | 1 | 1 | 15 | 11 | 25 | 60 | 64 | 97 | 123 | 133 | 190 |
| जम्मा | 1 | 1 | 17 | 14 | 35 | 70 | 77 | 102 | 136 | 143 | 210 |
| डिस्चाज भएका | 0 | 0 | 1 | 2 | 19 | 11 | 19 | 9 | 22 | 23 | 12 |
| आइसोलेसनमा | 1 | 1 | 16 | 12 | 16 | 59 | 58 | 93 | 112 | 120 | 198 |
| मृत्यु भएका | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 0 | 0 |

जिल्ला

संक्रमित महिला  संक्रमित पुरुष  जम्मा  डिस्चाज भएका  आइसोलेसनमा  मृत्यु भएका



आज आइसोलेसनमा रहनुभएका गोरखा जिल्लाका १०, स्याङ्जा जिल्लाका १, पर्वत जिल्लाका १ र कास्की जिल्लाका १४ जना गरी कुल २६ जना कोरोना मुक्त भइ घर फर्कनु भएको छ । यस सगैं गण्डकी प्रदेशमा कोरोनाको संक्रमणबाट निको हुने को संख्या ११८ पुगेको छ ।

---

**म्याग्दीमा काभिड-१९ नियन्त्रण रोकथामका लागि भएका तपशिल बमोजिमका गतिविधिहरुका जानकारी स्वास्थ्य कार्यालय, म्याग्दीका प्रमुख एक नारायण लम्सालले दिनुभएको छ ।**

१) विभिन्न नाकाहरुमा हेल्थ डेस्क स्थापना

२) प्रचार प्रसार तथा फ्लेक्स प्रिन्ट टास्ने कार्य

३) जिल्ला CCMC कमाण्ड पोष्टका नियमित बैठक तथा निर्णयहरू

४) क्वारेन्टिन तथा आईसालेसन वार्ड निर्माण, सबै स्थानिय तहमा क्वारेन्टिन बेनीमा आईसोलेसन वार्ड

५) क्वारेन्टिनमा बसेका सबैका आवश्यकताका आधारमा RDT PCR परिक्षण

६) प्रयागशालाकर्मीहरुलाई नमुना संकलन सम्बन्धमा अभिमुखिकरण

७) CICT को अभिमुखीकरण

८) सुरक्षा सामाग्रिका व्यवस्थापन

९) आवश्यकताका आधारमा गाडि तथा विभिन्न स्थानहरुमा डिर्सईन्फक्सन

१०, एम्बुलेन्स पार्टेशन

११, शव व्यवस्थापनका लागि स्थान छनौट तथा सामाग्रीको तयारी



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेख बहादुर थापा मगरज्यूद्वारा (HDCS) लमजुङ्ग जिल्ला सामुदायिक अस्पतालको आईसोलेसन कक्षमा भर्ना भएर बसेका संक्रमितहरुलाई सिसि क्यामरा मार्फत अवलोकन गरि स्वास्थ्य अवस्थाको वारेमा जानकारी लिनुभयो साथै टेलिफोन मार्फत उहांहरुसंग कुराकानी गर्नु भएको छ । यससगै अस्पतालको भ्रमण तथा अवलोकन पनि गर्नु भएको छ । प्रदेश सभा सदस्य मा. श्री धनन्जय दवाडी, सामाजिक विकास मन्त्रालय स्वास्थ्य महाशाखा प्रमुख श्री शम्भु ज्ञवाली, स्वास्थ्य अधिकृत श्री प्रशान्त शर्मा, जिल्ला समन्वय समिती लमजुङ्गका प्रमुख, प्रमुख जिल्ला अधिकारी, स्वास्थ्य कार्यालय प्रमुख लगायतको टोलीहरुको सहभागी रहेको थियो । अस्पताल प्रमुख श्री हेमन्त श्रेष्ठ, मे.सु डा. शरण लिम्बुले अस्पताल र आईसोलेशन कक्ष तथा संक्रमितहरुको बारेमा जानकारी गराउनु भएको थियो । अस्पतालमा हाल १० जना संक्रमितहरु भर्ना हुनु भएको छ र सबै जनाको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।

**साबुन पानीले मिचिमिचि हात धोऔं ।**

**मास्क र स्यानीटाइजरको प्रयोग गरौं।**



मादी गाउँपालिकामा Contact Tracing मार्फत कोरोना पोजेटिभसंगको सम्पर्कमा आएका ४० जनाको स्वाब संकलन गरि एको छ । गण्डकी प्रदेश भरी नै यो कार्य गरिएको छ ।

**घरमै बसौं, सुरक्षित रहौं**

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

कुल संक्रमित : ८०६
संक्रमित पुरुष : ७२०
संक्रमित महिला : ८६

# गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमितका जिल्ला स्तरीय विवरण

आइसोलेसनमा : ६८६
निको भएका : ११८
मृत्यु भएको : २

**मुस्ताङ**
कुल : १
म : ०/पु : १

**कास्की**
कुल : ३५
म : १०/पु : २५

**मनाङ**
कुल : १
म : ०/पु : १

**पर्वत**
कुल : ७०
म : १०/पु : ६०

**म्याग्दी**
कुल : १४
म : ३/पु : ११

**लमजुङ**
कुल : १७
म : २/पु : १५

**बाग्लुङ**
कुल : १४३
म : १०/पु : १३३

**गोरखा**
कुल : ७७
म : १३/पु : ६४

**स्याङ्जा**
कुल : १३६
म : १३/पु : १२३

**तनहुँ**
कुल : १०२
म : ५/पु : ९७

**नवलपरासी पूर्व**
कुल : २१०
म : २०/पु : १९०




Updated
2077-03-12
7:00 pm